मिति २०८१ असार ०७ गते शुक्रबारका दिन बोलाईएको १५औं नगर सभाको प्रथम बैठक स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ अनुसार नीति तथा कार्यक्रम पास गरी आर्थिक ऐन विनियोजन ऐन पेश गरी सोही ऐनको दफा ७१ को उपदफा ३ अनुसार १५ दिन भित्र पुनःअर्को बैठक बस्ने गरी सभा स्थगन गरिएकोमा आज मिति २०८१ असार २० गते विदुर नगरपालिकाका नगर प्रमुख एवं सभा अध्यक्ष श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगरपालिकाको १५औं नगर सभा अधिवेशनको दोश्रो बैठक निम्न सदस्यहरुको उपस्थितिमा बसियो ।

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | विदुर न.पा. १ | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | विदुर न.पा. २ | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | विदुर न.पा. ३ | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | विदुर न.पा. ४ | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | विदुर न.पा. ५ | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | विदुर न.पा. ६ | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | विदुर न.पा. ७ | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | विदुर न.पा. ८ | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | विदुर न.पा. ९ | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | विदुर न.पा. १० | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | विदुर न.पा. ११ | |

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | विदुर न.पा. १२ | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | विदुर न.पा. १३ | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | विदुर न.पा. ५ | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | विदुर न.पा. ७ | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ९ | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. ८ | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | विदुर न.पा. १० | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | विदुर न.पा. ११ | |
| २२ | श्री सावित्री राई | कार्यपालिका सदस्य | विदुर न.पा. ३ | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | विदुर न.पा. २ | |
| २४ | श्री भगवती राजभण्डारी | सदस्य | विदुर न.पा. १ | |
| २५ | श्री विष्णुमाया सुनार | सदस्य | विदुर न.पा. १ | |
| २६ | श्री निजेश श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २७ | श्री रामगोपाल श्रेष्ठ | सदस्य | विदुर न.पा. १ | |
| २८ | श्री गिता तिमल्सिना | सदस्य | विदुर न.पा, २ | |
| २९ | श्री आनन्दलाल श्रेष्ठ | सदस्य | विदुर न.पा. २ | |
| ३० | श्री रन्जन कुमार थापामगर | सदस्य | विदुर न.पा. २ | |
| ३१ | श्री पानमाया विश्वकर्मा | सदस्य | विदुर न.पा. ३ | |

CamScanner

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ३२ | श्री इन्द्र प्रसाद अधिकारी | सदस्य | विदुर न.पा. ३ | [signature] |
| ३३ | श्री तारानाथ अर्याल | सदस्य | विदुर न.पा. ३ | [signature] |
| ३४ | श्री सुनिता [illegible] | सदस्य | विदुर न.पा. ४ | [signature] |
| ३५ | श्री राममाया मिजार | सदस्य | विदुर न.पा. ४ | [signature] |
| ३६ | श्री छविलाल ओझा | सदस्य | विदुर न.पा. ४ | [signature] |
| ३७ | श्री शिव कुमार लामा | सदस्य | विदुर न.पा. ४ | |
| ३८ | श्री कुमारी नेपाली | सदस्य | विदुर न.पा. ५ | [signature] |
| ३९ | श्री विनोद चित्रकार | सदस्य | विदुर न.पा. ५ | [signature] |
| ४० | श्री होम बहादुर कुमाल | सदस्य | विदुर न.पा. ५ | [signature] |
| ४१ | श्री ज्ञानु राई | सदस्य | विदुर न.पा. ६ | [signature] |
| ४२ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. ६ | |
| ४३ | श्री रामचन्द्र पौडेल | सदस्य | विदुर न.पा. ६ | |
| ४४ | श्री रुपक कुमाल | सदस्य | विदुर न.पा. ६ | |
| ४५ | श्री इन्द्र कुमारी कार्की | सदस्य | विदुर न.पा. ७ | [signature] |
| ४६ | श्री विमला सुनार | सदस्य | विदुर न.पा. ७ | |
| ४७ | श्री पञ्चलाल तमाङ | सदस्य | विदुर न.पा. ७ | [signature] |
| ४८ | श्री नोमान तमाङ | सदस्य | विदुर न.पा. ७ | |
| ४९ | श्री देव कुमारी खड्का | सदस्य | विदुर न.पा. ८ | |

CamScanner

| सि.नं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| ५० | श्री जयराम खड्का | सदस्य | विदुर न.पा. ८ | |
| ५१ | श्री श्रीकृष्ण रिजाल | सदस्य | विदुर न.पा. ८ | |
| ५२ | श्री धनमाया सुनार | सदस्य | विदुर न.पा. ९ | |
| ५३ | श्री सिता बोगटी | सदस्य | विदुर न.पा. ९ | |
| ५४ | श्री राजकुमार श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५५ | श्री राजेन्द्र श्रेष्ठ | सदस्य | विदुर न.पा. ९ | |
| ५६ | श्री कुमारी वि.क | सदस्य | विदुर न.पा. १० | |
| ५७ | श्री प्रेम वहादुर घले | सदस्य | विदुर न.पा. १० | |
| ५८ | श्री मंगले वहादुर तामाङ | सदस्य | विदुर न.पा. १० | |
| ५९ | श्री कमला मिजार | सदस्य | विदुर न.पा. ११ | कमला |
| ६० | श्री रेवती प्रसाद चालिसे | सदस्य | विदुर न.पा. ११ | |
| ६१ | श्री नवराज तामाङ | सदस्य | विदुर न.पा. ११ | |
| ६२ | श्री निर्मला नेपाल रिमाल | सदस्य | विदुर न.पा. १२ | Nirmala |
| ६३ | श्री सिता मिजार | सदस्य | विदुर न.पा. १२ | |
| ६४ | श्री झंक प्रसाद भट्ट | सदस्य | विदुर न.पा. १२ | |
| ६५ | श्री मनमाया तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६६ | श्री कल्पना वि.क. | सदस्य | विदुर न.पा. १३ | |
| ६७ | श्री नरसिंह दल तमाङ | सदस्य | विदुर न.पा. १३ | |
| ६८ | श्री विनोद कुमार खनाल | सदस्य सचिव | विदुर नगरपालिका | |

## ७. विदुर नगरपालिकाको १५ औं नगरसभाबाट पारित निर्णयहरु

**पहिलो अधिवेशनबाट पारित निर्णयहरूः**

१. यस विदुर नगरपालिकाको १५ औं नगरसभाको प्रथम बैठकबाट आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम पास गर्ने निर्णय गरियो ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७१) अनूसार आर्थिक विधेयक, वजेट पेश गरी सोही ऐनको दफा (७१) को उपदफा (३) अनुसार १५ दिनभित्र अर्को सूचना जारी गरी पुन बैठक वस्ने गरी सभा स्थगन गर्ने निर्णय गरियो ।

**दोस्रो अधिवेशनबाट पारित निर्णयहरू**

१. विदुर नगरपालिकाको आ.व.२०८१/८२ को प्रस्तावित नीति, कार्यक्रम, वजेट नगर सभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. विदुर नगरपालिकाको आर्थिक ऐन, २०८१ सभावाट सर्वसम्मतीवाट स्वीकृत गर्ने निर्णय गरियो ।

३. विदुर नगरपालिकाको विनियोजन ऐन,२०८१ सभावाट सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गरियो ।

४. आर्थिक वर्ष २०८१/८२ का लागि कार्यालयलाई आवश्यक पर्ने सामानहरु खरिद गर्न एकद्वार नीति लिने र खरिद इकाई मार्फत त्यसलाई व्यवस्थित गर्न तपसिल वमोजिमको खरिद इकाई गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

संयोजकः प्रशासन शाखा प्रमुख
सदस्यः आर्थिक प्रशासन शाखा
सदस्यः प्राविधिक शाखा
सदस्य सचिवः जिन्सी शाखा प्रमुख

(नोटः आवश्यक परामर्शका लागि आमन्त्रित सदस्य रहन सक्नेछ ।)

५. आर्थिक वर्ष २०८१/८२ को बोलपत्र तथा शिलवन्दी दरभाउ पत्र मार्फत कार्यान्वयन हुने योजना कार्यक्रमको मूल्यांकन गरी स्वीकृतीको लागि सिफारिस गर्न तपसिल वमोजिम बोलपत्र मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

संयोजकः प्रमुख प्रशासकीय अधिकृत
सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख
सदस्यः प्राविधिक शाखा प्रमुख
सदस्य सचिवः योजना शाखा प्रमुख

(नोटः आवश्यक परामर्शका लागि आमन्त्रित सदस्य रहन सक्नेछ ।)

६. ठेक्का वा उपभोक्ता समिति मार्फत सञ्चालन हुने पूर्वाधार तर्फका योजनामा कार्यालयले ४ प्रतिशतका दरले कन्टिनजेन्सि रकम कट्टा गर्ने र सो कन्टिनजेन्सि रकम योजना तथा प्राविधिक कार्यमा खर्च गर्ने ।

७. चालु आर्थिक वर्षमा सम्झौता भई काम सम्पन्न हुन नसकेको योजनाको जिम्मेवारी आगामी आ.व.का लागि सार्ने र श्रोतको उपलव्धताको आधारमा क्रमश भुक्तानी दिने निर्णय गरियो ।

८. यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व.२०८०/८१ को वार्षिक तलवी प्रतिवेदन समर्थन गरी आगामी आ.व.२०८१/८२ को प्रस्तावित तलवी प्रतिवेदन पारित गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

CamScanner

९. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन,२०७८ अनुसार विदुर नगरपालिकाको संगठन तथा कर्मचारी दरवन्दी संरचनालाई निरन्तरता दिने निर्णय गरियो ।

१०. यस नगरपालिकाभित्र रहेका सडक एवं बाटोहरुको लगत कट्टा गर्ने मालपोत तथा नापी कार्यालयहरुसँग समन्वय गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

११. नेपाल सरकार तथा प्रदेश सरकारबाट निर्माण तथा स्तरोन्नती हुने सडकहरुको Right of Way ( सडक मापदण्ड) र नगरपालिकाले तोकेको सडक मापदण्डमा फरक पर्न गई दुविधा उत्पन्न हुन गएकोले सडक मापदण्ड एकरुपता कायम गर्नको लागि निर्माण कार्य अघि नै नगरपालिकासँग आवश्यक समन्वय हुने व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

१२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन अन्तर्गत आर्थिक वर्ष २०७९/८० को मूल्यांकनमा विदुर नगरपालिकाले ६१.२५ अंक प्राप्त गरेकोले सो अंकलाई अनुमोदन गरी आगामी वर्ष सबै सूचकहरुमा उत्कृष्ट नम्वर ल्याउने गरी सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने निर्णय गरियो ।

१३. यस नगरपालिकाको आ.व. २०७९/८० को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा विदुर नगरपालिकाले ६६.५ अंक प्राप्त गरेकोले सो नतिजालाई अनुमोदन गरी आगामी वर्ष सबै सूचकहरुमा उत्कृष्ट अंक ल्याउने गरी सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने निर्णय गरियो।

१४. हल्का सवारी चालक, हेभी सवारी चालक र विपद् शाखामा कार्यरत चालक तथा कर्मचारीहरुलाई विभिन्न मितिमा रासन तथा चालकको लागि नगर कार्यपालिकाको बैठक र यस कार्यालयको निर्णयबाट थप गरेर उपलब्ध गराएको सुविधा रकम अनुमोदन गर्नुको साथै आगामी आ.व.२०८१/८२ मा पनि उक्त निर्णयानुसार उपलब्ध गराएको रकमलाई निरन्तरता दिने निर्णय गरियो ।

१५. आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म नगर प्रमुखको तोक आदेश तथा निर्णयबाट भएका विभिन्न कार्यक्रमको लागि भएको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

१६. यस विदुर नगरपालिकाको आ.व.२०७९/८० को लेखा परिक्षण प्रतिवेदनमा औल्याएका बेरूजु मध्ये असुल उपर गर्नुपर्ने भए असुल उपर गर्ने र प्रमाण पुर्याइ संम्परिक्षण गर्नु पर्ने भएमा समयमै सम्परिक्षण गर्ने, प्रत्येक आ.व.को लेखा परिक्षणमा औल्याएका विषयहरू अभिलेख बनाई चुस्त, दुरूस्त राख्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१७.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ को (१) बमोजिम विदुर नगरपालिकाको क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री ज्याला, भाडा तथा महसुलको न्युनतम दररेट निर्धारण गर्न सार्वजनिक निर्माण वस्तु तथा सेवाको दररेट निर्धारण गर्नको लागि तपशिल अनूसारको दररेट समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगरप्रमुख | -अध्यक्ष |
| उपप्रमुख | -सदस्य |
| प्रमुख/प्रतिनिधि जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| प्रमुख/प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| प्रमुख/प्रतिनिधि पूर्वाधार विकास कार्यालय | -सदस्य |
| प्रमुख/प्रतिनिधि डिभिजन वन कार्यालय | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| उद्योग वाणिज्य संघ, नुवाकोट | -सदस्य |

CamScanner

निर्माण व्यवसायी संघ, नुवाकोट -सदस्य
पूर्वाधार विकास शाखा प्रमुख (विदुर न.पा.) -सदस्य सचिव

१८. सार्वजानिक निजी साझेदारीको अवधारणा बमोजिम विविध कार्यक्रमलाई अगाडि बढाउन स्थानीय, प्रदेश र नेपाल सरकारले स्थापना गरेको बिभिन्न कार्यालय सामाजिक संघ/संस्था साझेदारीमा गरिने बिभिन्न कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१९. आ.व. २०८०।८१ को श्रावणदेखि असार मसान्तसम्म नगर कार्यपालिका बैठकले गरेको निर्णय, न्यायिक समिति, राजस्व परामर्श समिति, योजना फरफारक समिति, परिक्षा समिति लगायत अन्य समितिले गरेका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

२०. स्वीकृत वार्षिक नगर विकासका कार्यक्रम तथा बजेटलाई प्राथमिकताका आधारमा सामान्य संशोधन, थप, घट, हेरफेर, रकमान्तर लगायत परिमार्जन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२१. नगरपालिकाको वार्षिक कार्यक्रमलाई सहयोग पुग्ने गरी दातृ निकाय वा साझेदारी संघ संस्थाले पेश गर्ने कार्यक्रम स्वीकृत गरी एकपक्षिय, बहुपक्षिय सम्झौता एवं समझदारी गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२२. राजस्व परामर्श समितिको सिफारिसमा सम्पती कर, दस्तुर, महसुल शूल्कमा संशोधन तथा हेरफेर गर्ने वा नगरपालिकाका क्षेत्र पहिल्याई कर निर्धारण गर्ने विषय नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२३. यस कार्यालयमा कार्यरत करार र ज्यालादारी सबै कर्मचारीहरूलाई विभिन्न मितिमा कार्यालयको निर्णय अनुसार करार सम्झौता गरी कामकाज लगाइएको हुँदा सबैको करार अवधी थप गर्न विभिन्न मितिमा गरिएको निर्णय अनुमोदन गर्ने र आगामी आ.व.मा पनि करार म्याद थपलाई निन्तरता दिने निर्णय गरियो ।

२४. विपद् व्यवस्थापनसँग सम्बन्धित र नगरपालिकाले तत्काल संबोधन गर्नुपर्ने अत्यावश्यक योजना कार्यक्रमको हकमा तत्कालै नगरेमा नगरपालिकालाई नै क्षती पुग्ने अवस्था भएमा र नगरसभाले उक्त शिर्षकमा बजेट विनियोजन गरेको खण्डमा प्राविधिकको लागत अनुमान र संघ/संस्थाको हकमा निजले पेश गरेको कार्यक्रमको आधारमा एक पटकमा ३ लाख सम्मको योजना र कार्यक्रम संघ/संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउने अधिकार नगर प्रमुखलाई दिने निर्णय गरियो ।

२५. नक्सा पेश गरेको मितिवाट २ वर्ष भित्रमा नक्सापास सम्पन्नको प्रमाण पत्र लिनुपर्ने । तर उक्त अवधि भित्रमा नक्सापास सम्पन्न नलिएमा नक्सापास दस्तुर तिरेको रकमको १० प्रतिशत थप दस्तुर लिई २ वर्ष सम्मको लागि म्याद थप गर्ने र सो म्यादभित्र पनि निर्माण कार्य पुरा नभएमा पुनःनक्सा पास गरी सकेपछि मात्र निर्माण कार्य गर्नुपर्नेछ ।

२६. रु. ३ लाख सम्मका योजनाहरुको अनुगमन सम्बन्धित वडा स्तरीय अनुगमन समितिले गर्ने र सो भन्दा माथिका योजनाहरुको उप-प्रमुख ज्यूको संयोजकत्वमा नगर स्तरीय अनुगमन समितिवाट गर्ने निर्णय गरियो ।

२७. नगपालिकाबाट भुक्तानी हुने विभिन्न कारोबारको रकम भुक्तानी दिँदा उक्त व्यक्ति वा फर्मले विदुर नगरपालिकामा व्यवसाय दर्ता गरेको हुनुको साथै प्रत्येक वर्ष व्यवसाय नविकरण गरेको हुनुपर्नेछ । त्यसरी दर्ता तथा नविकरण नभएका व्यक्ति/संस्था र फर्महरुलाई रकम भुक्तानीमा रोक लगाइने निर्णय गरियो ।

२८. यस नगरपालिकाबाट गरिने भौतिक पूर्वाधार र विकास निर्माणका योजनाहरुको काम सम्पन्न भएको एक हप्ता भित्रमा सम्बन्धित वडा प्रतिनिधीहरुको रोहवरमा योजना स्थलबाट नै योजना निर्माण गर्नेले अनिवार्य सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

२९. मिति २०७९ माघ २१ गते बसेको नगर कार्यपालिका बैठकले निर्णय नं. ३ मा गरेको बैठक भत्ता सम्बन्धी निर्णयलाई अनुमोदन गरी उक्त निर्णय आ.व.२०८१/८२ मा समेत लागु गर्ने निर्णय गरियो।

३०. नेपाल सरकारबाट सहुलियतमा शल्यक्रिया गरी उपचार पश्चातको नियमित औषधि सेवन गरिरहेका आर्थिक अवस्था कमजोर भएका विपन्न नागरिकहरुलाई औषधि सेवनका लागि नगरपालिकाबाट रु.१०,०००। (दश हजार) औषधी खर्चको रुपमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

३१. विदुर नगरपालिका अन्तर्गतको नगर स्तरीय योजनामध्ये १० लाख सम्मको योजना उपभोक्ता समिति र त्यस भन्दा माथिका योजनाहरु ठेक्का प्रक्रियाबाट गरिनेछ । साथै नेपाल सरकारबाट वा प्रदेश सरकारबाट रकम विनियोजन भएका योजनाको हकमा ३० लाखसम्म उपभोक्ता समितिबाट गर्न सकिने र सो भन्दा माथिका योजनाको हकमा ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

३२. विदुर नगरपालिका वडा नं.१, ७, ८ र ९ वडामा म्यागङ गा.पा. वडा नं.२ को गविया खोलाको मुहान गरी खानेपानी योजना निर्माणाधिन रहेको र उक्त खानेपानी मुहानमा रहेका बासिन्दाले पनि खानेपानीको समस्या भई केही माग यस नगरपालिकामा प्रस्तुत गरेको हुँदा उक्त मागलाई सम्बोधन गरी समस्या समाधान गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

३३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न विषयमा विभिन्न मितिमा दिएको सुझावहरुको विषयमा छलफल गरी कार्यान्वयन प्रक्रियामा लैजान नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

३४. आर्थिक वर्ष २०८०/८१ मा न्यायिक समिति मार्फत गरिएको कार्य प्रगती सम्बन्धी प्रतिवेदन नगर सभामा पेश गरेको हुँदा उक्त प्रतिवेदन छलफलबाट पारित गर्ने निर्णय गरियो ।

३५. नेपाल सरकारबाट रकम विनियोजन भई सञ्चालनमा रहेको लघु उद्यम विकास कार्यक्रमलाई यस आ.व.मा नेपाल सरकारबाट रकम विनियोजन नभएको हुँदा उक्त कार्यक्रम नगरपालिकाको श्रोत साधनबाट निरन्तरता दिने र उक्त कार्यक्रम सञ्चालनको लागि कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय गरियो।

३६. यस नगरपालिकामा सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, कृषि तथा पशु शाखामा कार्यरत कर्मचारीको ५० प्रतिशत रकम नेपाल सरकारबाट विनियोजन भई आएको हुँदा उक्त कार्यक्रमलाई निरन्तरता दिने र कार्यरत कर्मचारीको नपुग रकम यस नगरपालिकाले व्यहोर्ने र साथै परियोजनालाई नेपाल सरकार र प्रदेश सरकारबाट पनि कार्यक्रमलाई निरन्तरता दिन रकम विनियोजन भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयन गर्ने क्रममा गत आ.व.मा नियुक्ति भई कार्यक्रमको दरबन्दीमा भएका कर्मचारीहरुलाई निरन्तरता दिई नपुग रकम यस नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो।

३७. विदुर नगरपालिका अन्तर्गत स्वास्थ्य शाखाको दरबन्दी तेरिजमा केही संशोधन गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरेकोमा सोही दरबन्दी तेरिज अनुसार उक्त मन्त्रालयबाट तलब भत्ता निकासा भई आएकोले उक्त दरबन्दी तेरिज अनुसूची-१ मा उल्लेख गरिए अनुसारको स्वीकृत गरी प्रदेश किताबखानामा पत्र दर्ताको लागि लेखी पठाउने निर्णय गरियो।

CamScanner

३८. यस कार्यालयमा रहेका टिफर, स्काभेटर र जे.सि.भी. सहितका साधनले सडक सरसफाई,मर्मत र नयाँ निर्माण कार्य गर्नुको साथै नगरवासीको मागलाई समेत मध्यनजर गरी आँफूसित भएका उल्लिखित साधन बाहेक अन्य व्यक्ति, संघ संस्थाबाट टिफर, स्काभेटर र जे.सि.भी. ल्याई सडक निर्माण तथा मर्मत कार्य समेत गर्ने गरेको र उक्त कार्यको लागि उपलव्ध हेभी इक्वीपमेण्टहरु (टिफर, स्काभेटर र जे.सि.भी.) मा इन्धन प्रयोग हुने हुँदा उक्त इन्धनको भुक्तानी प्राविधिक मूल्यांकनको आधारमा गत विगत वर्षहरुमा झै सम्बन्धीत पेट्रोल पम्पहरुलाई रकम भुक्तानी दिएको हुँदा आर्थिक वर्ष २०८०/८१ को हेभी इक्वीपमेण्ट इन्धनमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

३९. विदुर नगरपालिका अन्तर्गत वडा कार्यालय मातहत रहने गरी शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन हुँदै आएको र उक्त संस्थामा कार्यालय सहयोगी दरवन्दी नरहेको हुँदा स्वास्थ्य संस्था जस्तो संवेदनशिल संस्थामा कार्यालय सहयोगी नहुँदा सेवा प्रभावित हुने भएकोले पहिलादेखि सञ्चालन आएका शहरी स्वास्थ्य केन्द्रहरुमा कार्यरत कार्यालय सहयोगीलाई दिएको पारिश्रमिक अनुमोदन गर्दै तपसिलको स्वास्थ्य संस्थामा हाल एक/एक जना अस्थायी कार्यालय सहयोगी दरवन्दी सृजना गर्ने निर्णय गरियो ।

<u>तपिसल:</u>

१) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-१
२) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-२
३) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-३
४) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-४
५) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-५
६) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-६
७) सामुदायिक स्वास्थ्य केन्द्र विदुर न.पा.-७
८) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-८
९) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-९
१०) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-१०
११) शहरी सामुदायिक स्वास्थ्य केन्द्र विदुर न.पा.-११
१२) शहरी स्वास्थ्य केन्द्र विदुर न.पा.-१२

४०. गत विगत वर्षदेखि नै सामी परियोजना सञ्चालन हुँदै आएकोमा आ.व.०८१/०८२ मा उक्त कार्यक्रम सञ्चालन गर्न र श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय तहको संयुक्त लगानीमा कार्यक्रम सञ्चालन हुने हुँदा सामी परियोजनामा रहेका साविकको लेखा तथा प्रशासन अधिकृत छैटौंलाई संशोधन गरी सामाजिक परिचालक अधिकृत छैटौं कायम गरी कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

४१. यस कार्यालयको दरवन्दी अनुसार रिक्त रहेको प्राविधिक कर्मचारी, विदुर नगरपालिका, नेपाल सरकार र प्रदेश सरकारको संयुक्त लगानीमा सञ्चालित परियोजनामा कर्मचारी अभाव भएमा आर्थिक वर्ष २०८१/८२ को लागि स्रोतको उपलब्धता भएमा विज्ञापन गरी करारमा राख्नलाई कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४२. विदुर नगरपालिका कार्यालयमा तपसिलमा उल्लिखित दरबन्दीहरु रिक्त रहन गएकोले उक्त रिक्त दरबन्दीमा स्थायीद्वारा पूर्ति गर्नको लागि विज्ञापन माग गर्न बागमती प्रदेश, लोकसेवा आयोगमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपसिलः

१) लेखा अधिकृत सातौं
२) राजश्व अधिकृत सातौं
३) वरिष्ठ परीक्षक सहायक पाँचौं
४) वरिष्ठ सहायक (ना.सु.)

४३. मिति २०८१।०३।१९ गते बसेको नगर कार्यपालिका बैठकले पास गरी नगर सभाबाट अनुमोदनका लागि पेश भएको विदुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७४ संशोधन सहित पारित गर्ने निर्णय गरियो।

४४. यस नगरपालिकाले तयार गरेको तपसिलमा उल्लिखित डि.पि.आर. स्वीकृत गर्ने निर्णय गरियो ।

क. गदीयाखोला खानेपानी आयोजना
ख. सुनाखेती-केउरिनी-अदमारा-पिडालुबारी सडक, विदुर ८, ९
ग. नुवाकोट आदर्श बहुमुखी कयाम्पस भवन, विदुर ४
घ. पिपलटार लिफ्ट सिचाइ खानेपानी योजना, विदुर ५
ङ नुवाकोट स्वयंम्भू महाचैत्य, विदुर २
च. नुवाकोट कराते हल, सिमचौर, विदुर ४
छ नुवाकोट क्रिकेट स्टेडियम, विदुर ५
ज. धामीखोला-खहरेखोला नुवाकोट दरबार क्षेत्र खानेपानी, विदुर २
झ दुधेलामा थान-जितगढी-गेर्खुगढी-चन्द्रगढी-सूर्यगढी पैदलमार्ग, विदुर ११

४५. विदुर नगरपालिकाले विभिन्न समयमा बजार अनुगमनको कार्य गर्दै आएको र अनुगमनको क्रममा खाद्य पदार्थको अनुगमन गर्दा त्यसको गुणस्तरको बारेमा अनुगमन गर्ने दक्ष जनशक्ति नभएको कारण बजार अनुगमन कार्यलाई थप व्यबस्थित र मर्यादित हुन नसकेको कारण खाद्य गुणस्तर अधिकृतको अस्थायी दरबन्दी सृजना गरी बजार अनुगमन कार्यलाई निरन्तरता दिने निर्णय गरियो।

४६. यस विदुर नगरपालिकाको संगठन तथा व्यवस्थापन संवेक्षण (स्वीकृत दरबन्दी संरचना) नवौं नगरसभाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको र त्यस दरबन्दी संरचनामा केही संशोधन तथा परिमार्जन गर्नुपर्ने देखिएको हुँदा स्थानीय तहका सेवाको गठन तथा संचालन गर्न बनेको ऐन, २०७९ को दफा (५) को उपदफा (१) अनुसार प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा पुनरावलोकन तथा परिमार्जन समिति मिति २०८०/०८/२६ गते गठन गरी कार्य प्रारम्भ गरेता पनि विषय विज्ञसंग सरसल्लाह लिन बाँकी रहेको हुँदा तत्कालको लागि नवौं नगरसभाले स्वीकृत गरेको कार्यालय तर्फको दरबन्दी तेरिजमा निम्न अनुसार गर्ने निर्णय गरियो।

क) नवौं नगरसभाले स्वीकृत गरेको सहायक चौथो तर्फको प्रशासन-२ र प्राविधिक-१८ गरी जम्मा २० दरबन्दी रहेको संख्यामा बृद्धि नगरी सोही दरबन्दी तेरिजमा रही प्राविधिक तर्फ १० र प्रशासन तर्फ १० दरबन्दी कायम गर्ने।

ख) विदुर नगरपालिका सडक बत्ती विस्तार कार्य भईराखेको र त्यस शाखामा हाल सम्म दरबन्दी सृजना नगरेकोले सहायक चौथो-२ र विद्युत सहयोगि-२ गरी चार दरबन्दी सिर्जना गर्ने।

ग) विदुर नगरपालिकामा विभिन्न वडामा विपद् सम्बन्धी कार्य हुने र त्यसको हाल सम्म शाखा स्थापना गरी दरबन्दी सिर्जना नगरेको हुँदा ४ जना फायरम्यान दरबन्दी सिर्जना गर्ने।

घ) राज्य संरचना हुँदा विभिन्न कार्यालयबाट समायोजन भई आएको सामजिक परिचालकको दरबन्दी हाल सम्म कायम नभएको र लेखा परिक्षणको समयमा त्यस सम्बन्धमा विभिन्न सुझाव दिएको हुँदा अवकास वा राजिनामा दिएमा उक्त पद खारेज हुने गरी हाललाई १३ वटा सामाजिक परिचालकको अस्थायी दरबन्दी सिर्जना गर्ने र हाल सम्म भुक्तानी भएको तलब भत्ता यसै निर्णय अनुसार तलब भत्ता खर्च रकम अनुमोदन गर्ने।

४७. नुवाकोट मालपोत कार्यालयवाट प्राप्त भएको सार्वजनिक जग्गाको अभिलेख र यस नगरपालिकाको नाममा रहेको जग्गाको अभिलेख नगरसभामा पेश भई छलफल गरी अनुमोदन गरियो।

४८. यस विदुर नगरपालिकाको १५ औं नगरसभाको अधिवेशन सम्पन्न गर्न सहयोग गर्नु हुने सम्पूर्ण बुद्धिजिवी, समाजसेवी, नगरपालिकाका निर्वाचित जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, नागरिक समाज, उद्यमी, व्यवसायी, नगरवासी, सञ्चारकर्मी र नगरसभाका लागि खटिने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।